IT

# पाँचथर जिल्ला अदालतबाट प्रकाशित

## १५ दिने सूचना

## (मानाचामल विगो नं. १९, तहसिल शाखा)

सूचना । सूचना ।। सूचना ।।।

दरखास्तवाला/वादी जिल्ला पाँचथर साविक लुङरुपा गा.वि.स. वडा नं. ९ हाल फिदिम न.पा. वडा नं. १३ बस्ने सविना दाहाल(कडेल) प्रतिवादी जिल्ला पाँचथर ऐ.ऐ. बस्ने पदमलाल दाहाल भएको मु.नं. ०७४-CP-०१४६ को मानाचामल खर्च भराई पाऊँ मुद्दामा पाँचथर जिल्ला अदालतको मिति २०७५/१०/२७ को फैसला बमोजिम फिराद दायर भएको मिति २०७४।१२।१६ गतेबाट ०७४-PC-०१२१ को अंश सहितको सम्बन्धविच्छेद मुद्दाबाट अंश नपाएको मिति सम्म बादीले प्रतिबादीबाट मासिक रु.४,०००।- (चार हजार) का दरले फिराद दायर भएको मिति २०७४/१२/१६ गतेबाट अंश पाएको मिति २०७६/१२/१६ सम्म हुने जम्मा रकम रु.९४,६६६।६७ को विगो रकम तपसिल बमोजिमको जग्गाबाट भराई पाऊँ भनी वादीको मिति २०७६/०५/२२ मा दरखास्त परी प्रतिवादीहरुको नाममा १५ दिने सूचना म्याद जारी गरिएकोमा सो म्याद मिति २०७६/०८/२९ मा तामेल भएको निर्दिष्ट मिति भित्र प्रतिवादीले सो रकम दाखिल नगरेको हुँदा बादीले बिगो भराई पाँउ भनी देखाएको तपसिल बमोजिमको प्रतिवादीका पिता शेरबहादुर दाहालका नाममा दर्ता रहेको जेथाको पञ्चकिर्ती मूल्य मिति २०७७/०५/१५ मा कायम भईसकेकोले विगोले खामेसम्मको जेथा पञ्चकिर्ती मूल्यका दरले लिलाम गर्न पहिलो पटक तोकिएको मिति २०७७/०६/१५ को डाक लिलाममा कसैले पनि डाक सकार नगरेको हुँदा पुनः डाक लिलाम गरी उक्त विगो भराईदिनु परेको हुँदा <u>दोस्रो पटक</u> यो १५ दिने सूचना प्रकाशित गरिएको छ । विगोले खामेसम्मको उक्त जेथाको पञ्चकिर्ती मूल्यका दरले लिलाम हुने हुँदा मिति २०७८/०२/२० गतेको डाक बढाबढ तारेख तोकिएको छ। यो सूचना तपसिलको जग्गामा-१, फिदिम न.पा. १३ नं. वडा कार्यालयमा-१, मालपोत कार्यालय पाँचथरमा-१ तथा यस अदालतको सूचना पाटीमा समेत टाँस गरिएको छ। डाक बढाबढ गर्न इच्छुक महानुभावले मिति २०७८/०२/२० गते दिनको १० बजे यस अदालतमा उपस्थित भई डाक बढाबढमा भाग लिनुहोला। पञ्चकिर्ती मूल्य भन्दा बढी जसको डाक बढाबढ हुन्छ उसैले डाक सकार गरिलिन पाउनेछ। आफूले डाक बोलेको रकमको १०% रकम सोही दिन अदालतमा चुक्ता बुझाउनु पर्नेछ र बाँकी रकम ७ दिन भित्र बुझाउनु पर्नेछ। सो समयभित्र बाँकी रकम नबुझाएमा पहिले बुझाएको १०% रकम जफत हुनेछ। मूल्य पूरा हुन नआएमा लिलाम बिक्री हुने छैन। लिलामको दिन अदालत बिदा भए त्यसको भोलि पल्ट डाक हुनेछ। अन्य कुनै जानकारी लिनु परे अदालतको समयमा जानकारी लिन सकिने वेहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

<u>तपसिल:</u>

| क्र.सं. | जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | दर्तावाला | पञ्चकिर्ती मूल्य प्रतिरोपनी |
|---|---|---|---|---|---|---|---|
| १ | पाँचथर | फेजुङ्ग | ६ख | ११ | ८-५-३-१ | शेरबहादुर दाहाल | रु.२७०००।- |
| २ | पाँचथर | फेजुङ | ६ख | १२ | २५-१५-१-१ | शेरबहादुर दाहाल | रु.२७०००।- |

ईति सम्वत २०७८ साल बैशाख महिना ०७ गते रोज ३ शुभम्-------------------------------------